# स्थानीय राजपत्र

भरतपुर महानगरपालिकाद्वारा प्रकाशित

खण्ड ७, संख्या १४, मिति: २०८०/१२/२०

## भाग–२

## विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण कार्यविधि, २०७६ (प्रथम संशोधन) २०८०

# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन

बागमती प्रदेश, नेपाल

# विधालय वर्गीकरण तथा शुल्क निर्धारण कार्यविधि ,२०७६ (प्रथम संशोधन) २०८०

**प्रस्तावनाः**

विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण कार्यविधि, २०७६ लाई आवश्यकतानुसार प्रथम संशोधन गर्न वाञ्छनीय भएकोले,

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) विधालय वर्गीकरण तथा शुल्क निर्धारण कार्यविधि, २०७६ (प्रथम संशोधन)२०८० रहेको छ।

ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. मुल कार्यविधिको दफा ५ मा संशोधन/थप गरिएको छ।**

**(क)** दफा ५ उपदफा १(ख) मा .........बार्षिक शुल्क, पश्चात थप प्रतिवन्धात्मक वाक्यांश राखिएको छ।

......तर (प्रयोगशाला वापत) कक्षा ११ र १२ मा विज्ञान विषय अध्यापन गराउने विद्यालयले (भौतिक विज्ञान, रसायन विज्ञान र जीव विज्ञान) तीन वटै विषयको प्रयोगशाला वापत वार्षिक १८०००। (अठार हजार) मा नबढ्नेगरी प्रयोगशाला शुल्क लिन सक्नेछन्। विज्ञान विषयमा जीव विज्ञान अध्ययन नगर्ने विद्यार्थीसँग १२०००। (बाह्र हजार) भन्दा बढी विज्ञान प्रयोगशाला शुल्क लिन पाइने छैन।होटल व्यबस्थापन विषयको लागि वार्षिक १६५०० ( सोह्र हजार पाँच सय) मा नबढ्नेगरी प्रयोगशाला शुल्क लिन सक्नेछन्। साथै कम्प्युटर विषयको प्रयोगशाला शुल्क बापत कम्प्युटर विषय अध्ययन गर्ने विद्यार्थीसँग मात्र वार्षिक रु. ६०००। (छ हजार) मा नबढ्नेगरी शुल्क लिन पाउनेछन्। कक्षा ११ -१२ गरी ६ सेक्सन सम्मका लागि एक विषयको एक प्रयोगशाला स्थापना र ६ भन्दा बढी सेक्सनका लागि प्रत्येक विषयको थप संख्यामा प्रयोगशाला स्थापना र जनशक्ति अनिवार्य रुपमा भएको हुनुपर्नेछ। साथै प्रयोगशाला शुल्क एकमुष्ठ नलिई दामासाहीले मासिक वा चौमासिक रुपमा लिनुपर्नेछ। उल्लेखित प्रयोगशाला शुल्क सबै श्रेणीका विद्यालयको लागि समान हुनेछ।

**(ख) दफा ५ उपदफा १ (घ) (२) संशोधन गरीएको छ।**

कक्षा ४ देखि १० सम्मका विद्यार्थीहरूसँग कम्प्युटर शुल्क वापत वार्षिक रुपमा एक महिना बराबरको मासिक शुल्क नबढ्ने गरी शुल्क लिन सक्नेछन्।

**(ग)** दफा ५ उपदफा ३ संशोधन गरिएको छ।

विद्यालयले परीक्षा शुल्क वापत पाठ्यक्रमले तोके अनुसार तीन वटा परीक्षाको लागि प्रति परीक्षा मासिक पढाइ शुल्कको १० प्रतिशतले हुन आउने रकम भन्दा बढी लिन पाइने छैन।

**३. मुल कार्यविधिको अनुसुची २ को सि.नं.३ संशोधन गरिएको छ।**

विद्यालयले उपखण्ड २ बमोजिमका शिक्षक कर्मचारीको तलब नेपाल सरकारले स्वीकृत गरेबमोजिमको तलब भत्तामा नघटाई उपलब्ध गराउनुपर्नेछ।यसरी उपलब्ध गराउने तलव भत्ताका अतिरिक्त अन्य थप सुविधा वापत तलव रकमको १८ प्रतिशत सम्म छुट्याई यसरी हुन आउने जम्मा खर्चलाई विद्यालयले कुल आम्दानीको ६० प्रतिशत मानी सो रकमलाई तलव भत्तामा खर्च गर्नु पर्नेछ।बाँकी रहेको ४० प्रतिशतमध्ये भर्ना भएका कुल विद्यार्थी सङ्ख्याको प्रचलित संघीय शिक्षा सम्बन्धी कानुनमा तोकिए बमोजिमको प्रतिशतमा नघट्ने गरी विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्नुपर्नेछ। यसरी खर्च गरी बाँकी हुन आउने रकम विद्यालयले आवश्यकता अनुसारका शीर्षकहरुमा खर्च गर्नेगरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

---

आज्ञाले,

**नरेन्द्र कुमार राना**

प्रमुख प्रशासकीय अधिकृत